# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०५।०५ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---

आकासे सामुदायिक वन उपभोक्ता समूह भोगटेनी मोरङका अध्यक्ष रत्नबहादुर लिम्वु समेतले जिल्ला वन कार्यालय मोरङले दिएको भन्दा बढी समूहमा काठ दाउरा संकलन गरी बिक्री गरी भ्रष्टाचार गरेको भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा आकासे सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रत्न बहादुर लिम्बु समेत कार्यरत रहेको मिति २०६८ कात्तिकदेखि २०७० चैत मसान्तसम्मको अवधिमा उपभोक्ता समुहमा जम्मा रु.४३,८०,४५२।२५(त्रिचालीस लाख असी हजार चार सय बाउन्न रुपैयाँ पच्चिस पैसा) आम्दानी भएको र रु.३२,३७,३००।-(बत्तीस लाख सैतीस हजार तीन सय) खर्च भई रु.३४,६६२।१९ (चौंतीस हजार छ सय बैसठ्ठी रुपैयाँ उन्नाईस पैसा) उपभोक्ता समूहको बैंक खातामा बाँकी रहेको बैंक स्टेटमेन्टबाट देखिन आइ अन्य बाँकी रकम रु.११,०८,४९०।०६ (एघार लाख आठ हजार चार सय नब्बे रुपैयाँ छ पैसा) हिनामिना भएको देखिन आयो। तसर्थ उपभोक्ता समूहका अध्यक्ष रत्न बहादुर लिम्बु, सचिव वीना लिम्बु र कोषाध्यक्ष गजहङ्गमा मगरले समूहको आर्थिक कारोवारमा संलग्न रही समूहको निर्णय विना जथाभावी चेक काटी भुक्तानी लिने दिने कार्य गरी बदनियतपूर्वक रु.११,०८,४९०।०६ (एघार लाख आठ हजार चार सय नब्बे रुपैयाँ छ पैसा) को सार्वजनिक सम्पत्तिको हानी नोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४), १७ को कसुरमा बिगो रु.११,०८,४९०।०६(एघार लाख आठ हजार चार सय नब्बे रुपैया छ पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४), दफा १७ तथा दफा ३(१) र ३(१) (च) बमोजिम कैद र जरीवानाको सजाय गरी सोही ऐनको दफा १७ वमोजिम बिगो रु.११,०८,४९०।०६ (एघार लाख आठ हजार चार सय नब्बे रुपैयाँ छ पैसा) निजहरूबाट असुल उपर गरी पाउन साथै आ.ब २०६८/०६९ देखि ०७०/७१ सम्म लेखा परीक्षण गर्ने लेखा परीक्षक दुर्गाप्रसाद पोखरलले उपभोक्ता समूहका सम्पूर्ण कागजात हुँदाहुँदै उक्त कागजातहरु अध्ययन नगरी भए गरेको कारोबारलाई लोप गराउने र सामुदायिक वन उपभोक्ता समूहलाई हानीनोक्सानी पुऱ्याउने उद्देश्यले गलत लेखा परीक्षण प्रतिवेदन दिइ भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा(१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई सोही ऐनको दफा १९ को उपदफा(१) बमोजिम सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरीएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता